# महालेखापरीक्षकको
# वार्षिक लेखापरीक्षण प्रतिवेदन
# २०७७

## ऐसेलुखर्क गाउँपालिका
## ऐसेलुखर्क, खोटाङ्ग




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# महालेखापरीक्षकको कार्यालय
## Office of the Auditor General

प्रदेशिक लेखापरीक्षण महानिर्देशनालय
प्रदेश नं. १ र २

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्याः २०७६/७७

च.नं : ५६४

मितिः २०७७/३/२८

श्री अध्यक्षज्यू,
ऐसेलुखर्क गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
ऐसेलुखर्क, खोटाङ्ग ।

**विषयः  लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम प्रयोजनको लागि अनुरोध छ ।

(विन्दु विष्ट )
नायव महालेखापरीक्षक


Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oagnep.gov.np
"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"

# महालेखापरीक्षकको भनाई



(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीयतहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ।

स्थानीयतहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवाप्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय ब्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीयतहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीयतहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रर्वद्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीयतहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन् । त्यसैगरी विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गत विगतमा लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भव स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीयतहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीयतहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीयतहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ अषाढ २६ गते ।

# महालेखापरीक्षकको कार्यालय
## Office of the Auditor General

प्रदेशिक लेखापरीक्षण निर्देशनालय
प्रदेश नं १ र २

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्या: २०७६/७७
च.नं. : ४४६

मिति: २०७७।३।२४

श्री अध्यक्षज्यू,
ऐसेलुखर्क गाउँपालिका,
ऐसेलुखर्क, खोटाङ्ग ।

**विषय: लेखापरीक्षण प्रतिवेदन**

**कैफियत सहितको राय**

हामीले **ऐसेलुखर्क गाउँपालिका**को आर्थिक वर्ष २०७५।७६ को बित्तीय विवरण र त्यससंग सम्बन्धित आय व्यय बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को बित्तिय विवरण र त्यससंग सम्बन्धित आय व्यय बिबरणले स्थानीय तहसंग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु.१४ लाख ६२ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.९ लाख ५६ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.४ लाख ४३ हजार, नियमित गर्नुपर्ने रु.६३ हजार रहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६।९।१४ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रिया सहितका प्रमाण कागजात पेश हुन नआएकोले बेरुजु फछ्र्यौट नभई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना १७ (सत्र) यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसंग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७६ र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यकारिणी, अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

................................
(विन्दु विष्ट)
नायब महालेखापरीक्षक

# ऐसेलुखर्क गाउँपालिका
# लेखापरीक्षण प्रतिवेदन
# २०७५।७६

**परिचयः** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्न ऐसेलुखर्क गांउपालीकाको स्थापना भएको हो । यसको कार्य स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु हो । ७ वटा वडा र ३९ जना गाउँसभा सदस्य रहेको यो गाउँपालिका प्रदेश नं.१ मा पर्दछ ।

**स्थानीय सञ्चितकोष :** आर्थिक वर्ष २०७५।७६ को स्थानीय सञ्चित कोषको आय-व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ :

## एकिकृत आर्थिक विवरण २०७५।७६

| सि.नं. | आयतर्फ | | | सि.नं. | व्याय | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | २२४८९५१८.०० | १ | **चालु खर्च** | २०२२२९३०३.०० | ३१५०८६९६३.०० |
| | क) नगद | ०.०० | | २ | **पूँजीगत खर्च** | ११२८५७६६०.०० | |
| | ख) बैंक | २२४८९५१८.०० | | ३ | **वित्तीय व्यवस्था भुक्तानी** | | |
| २ | **राजस्व (आन्तरिक आय)** | | ४४५३०६१४.४६ | | क) ऋण भुक्तानी | | |
| | क) आन्तरिक राजस्व | १९०८८२०.९९ | | | ख) ब्याज भुक्तानी | | |
| | ख) राजस्व बाँडफाँड | ४२६२१७९३.४७ | | | ग) अन्य भुक्तानी | | |
| | ग) अन्य आय | ०.०० | | | | | |
| ३ | **वित्तीय हस्तान्तरण** | | २६५१९९२५०.०० | ४ | **लगानी** | | |
| | क)वित्तीय समानीकरण अनुदान | ६९३०००००.०० | | | ऋण लगानी | | |
| | ख) सशर्त अनुदान | १९५८९९२५०.०० | | | शेयर लगानी | | |
| | ग) समपूरक अनुदान | ०.०० | | | अन्य लगानी | | |
| | घ) विशेष अनुदान | ०.०० | | | | | |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | | ५ | **धरौटी फिर्ता** | | |
| | क)वित्तीय समानीकरण अनुदान | ३३१५०००.०० | २४५९९४२६.८२ | ६ | **विपत कोष खर्च** | | ८४८९९७.०० |
| | ख) सशर्त अनुदान | १६८६६०००.०० | | ७ | **मौज्दात** | | १४१४२३८३.६९ |
| | ग) सवारी साधन कर | १४४८४२६.८२ | | | क) नगद मौज्दात | ०.०० | |
| | घ) विशेष अनुदान | २९७००००.०० | | | ख) बैंक मौज्दात | १४१४२३८३.६९ | |
| ५ | **अन्तर स्थानीय तहबाट प्राप्त** | | | | | | |
| ६ | **वित्तीय व्यवस्था प्राप्ति** | | | ८ | **फिर्ता** | | २७०६२७२३.०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | क) ऋण प्राप्ति | | | | शसर्त चालु पुंजिगत फिर्ता | २११६१००९.०० | |
| | ख) साँवा प्राप्ति | | | | बहुक्षेत्रिय पोषण फिर्ता | ९९२००.०० | |
| | ग) ब्याज प्राप्ति | | | | सामाजिक सुरक्षा फिर्ता | ८६४६००.०० | |
| | घ) अन्य प्राप्ति | | | | प्रधानमन्त्रि रोजगार कार्यक्रम | ७२०८१४.०० | |
| **६** | **विभिन्न कोषतर्फको आय** | | | | साना सिंचाई फिर्ता | १७६४५००.०० | |
| **८** | **जनसहभागिता (नगद)** | | | | कृषि तथा पशु विकास कार्यक्रम | २८६३१०.०० | |
| **९** | **विषयगत निकायबाट प्राप्त रकम** | | | | प्रदेश शसर्त फिर्ता | २१६६२९०.०० | |
| **१०** | **धरौटी आय** | | | | | | |
| **११** | **लगानीको साँवा फिर्ता** | | | | | | |
| **१२** | **अन्य विविध आय (स्रोत नखुलेको)** | | ३२२२५७.४१ | | | | |
| | **जम्मा** | | **३५७१४१०६६.६९** | | **जम्मा** | | **३५७१४१०६६.६९** |

# लेखापरीक्षणको अन्तिम प्रतिवेदन

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजु रकम |
|---|---|---|
| १. | **आन्तरिक नियन्त्रण प्रणाली :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापूर्ण ढंगबाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय बनाउन तथा प्रचलित कानुन बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । सो बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयमा ल्याएको पाइएन । कार्यालयले प्रचलित ऐन नियमको पालना गरि आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । आन्तरिक नियन्त्रण व्यवस्थाको पालना सम्वन्धमा परिक्षण गर्दा निम्न व्यवस्थाहरुको पालना गरेको देखिएन । आन्तरिक नियन्त्रण व्यवस्थाहरुको पालना नगर्दा कार्यालयबाट संचालन गर्ने क्रियाकलापहरु मितव्ययी, प्रभावकारी, पारदर्शी नहुने र कार्यालयबाट प्रवाह गरिने सेवामा समेत असर पर्ने भएकाले प्रचलित ऐन नियमले तोकेको प्रकृया अवलम्बन गरि आन्तरिक नियन्त्रण व्यवस्था प्रभावकारी बनाउनु पर्दछ ।<br>• आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(८) बमोजिम खर्च भएको सबै रसिद बील भरपाईहरुमा सिलसिलेबार नम्बर राखी भुक्तानी भएको जनाउने छाप लगाई प्रमाणीत गर्ने नगरेको,<br>• भ्रमण खर्च नियमावली २०६४ को नियम २१ बमोजिम भ्रमण अभिलेख खाता नराखेको,<br>• भ्रमणवाट फर्केपछि भ्रमण प्रतिवेदन पेश गर्ने नगरेको,<br>• राजस्व आम्दानीमा नगदी रसिद प्रयोग गरेकोमा आम्दानी खर्च र बाँकी देखिने गरी रसिद नियन्त्रण खाता, दैनिक आम्दानी तथा दाखिला खाता नराखेको,<br>• बार्षिक कार्यक्रम अनुसार अनुगमन मूल्यांकन गरेको लिखित प्रतिवेदन लिने व्यवस्था नगरेको,<br>• जटिल प्रकृतीका निर्माण कार्य उपभोक्ता समितिबाट गराएको,<br>• गाउँपालिकाले आफ्नो क्षेत्र भित्रको व्यवसाय, सवारी, मनोरन्जन जस्ता व्यवसायहरुको अभिलेख राख्ने र करहरु उठाउने नगरेको ।<br>• सार्वजनिक खरिद ऐन, नियमावलीको खरिद पद्धतिका सिमाहरु छल्ने उद्देश्यले उपभोक्ता समितिमार्फत मालसामान खरिद गर्ने गरेको ।<br>• योजनाको संख्या अत्याधिकरुपमा संचालन गर्ने गरेकोले अनुगमन प्रभावकारी हुन नसकेको।<br>• खरिद योजना बनाउने नगरेको ।<br>• कोषहरुको कार्यविधि, कानून नबनाएको ।<br>• प्राप्ती तथा भुक्तानीको खर्च सार्वजनिकिकरण नगरेको ।<br>• कार्यालयवाट प्राप्त नगद तोकिएको समयमै दाखिला गर्नुपर्नेमा नगरेको र आम्दानीका म.ले.प.फा.नं.हरु आम्दानी गर्दा प्रयोगमा नल्याएको ।<br>• सम्पन्न आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई नै हस्तान्तरण गर्ने नगरेको ।<br>• परामर्श सेवा लिने काममा सम्झौता अंकको ५० प्रतिशत रकम पेश्की दिने गरेकोले यसमा | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजु रकम |
|---|---|---|
| | नियन्त्रण गरी सार्वजनिक खरिद ऐन नियमको पालना गर्नुपर्ने,<br>● समयमै पश्की फछ्र्यौट गर्ने नगरेको ।<br>● गाउँपालिका तथा वडाहरुकोलागि आवश्यक विभिन्न स्टेशनरी लगायत कार्यालय सामानहरु प्रतिस्पर्धा गराई सिलवन्दी प्रकृयाबाट खरिद गर्नु पर्नेमा नगरी पटक पटक सिधै खरिद गर्ने गरेको,<br>● कार्यालयले मोटरसाइकल, ल्यापटप, डेक्सटप लगायतका जिन्सी सामानहरु सहायक खाता मार्फत सम्बन्धित कर्मचारीलाई बुझाई जिम्मा जमानी गराई अभिलेख राख्नु पर्नेमा सो गर्ने नगरेकोले यसमा सुधार गरिनु पर्दछ ,<br>● भ्रमण आदेशमा स्पष्ट रुपमा काम किटान गर्नु पर्नेमा कार्यालय सम्बन्धी काम उल्लेख गर्ने गरेकोले यसमा काम किटान गरी सुधार गरिनु पर्दछ ,<br>● लाभान्वित कृषक छनौट गरी अनुदान वितरण गर्नुपर्ने,<br>● ईन्धन खर्चको लगबुक राख्ने नगरेको,<br>● गोश्वारा भौचर साथ खर्चको तेरिज तयार गरी राख्नुपर्नेमा नगरेको,<br>● सवारी साधन मर्मत गर्दा लागत अनुमान बनाई मर्मत आदेश समेत लिनुपर्नेमा नलिएको,<br>● उपाध्यक्ष बेगरको अनुगमन समितिको सिफारिसको आधारमा योजना फरफारक हुने गरेको,<br>● चालु प्रकृतिका कारोबार समेत पुजिगत शिर्षकवाट गर्ने गरेको,<br>● अनुदान र आर्थिक सहायताको मापदण्ड नबनाएको,<br>● पारित बजेट भन्दा घटबढहुने गरी खर्च गरी पछि अनुमोदन गर्ने गरेको,<br>● संघ, प्रदेश र स्थानीय तहमा दोहोरोपना देखिएको,<br>● विजय दशमी, तिहार, छठ, नयाँवर्ष जस्ता पर्वहरुको उपलक्ष्यमा पत्रिकामा शुभकामना विज्ञापन प्रकाशन गर्ने कार्यमा नियन्त्रण गर्नुपर्ने, | |
| २. | **लक्ष्य र प्रगतिको स्थिति -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २५ मा अनुसूची-२ बमोजिमको ढाँचामा चौमासिक प्रगती विवरण पेश गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाको निर्णय पुस्तिकामा समय समयमा प्रगति समिक्षा सम्वन्धी कार्यसूची राखेको भए तापनि सशर्त, निःशर्त तथा आन्तरिक श्रोतबाट सञ्चालन भएका योजना तथा कार्यक्रमहरुको प्रगति प्रतिवेदनलाई स्वीकृत ढाँचामा र तुलनायोग्य हुने गरी अभिलेखिकरण नगरेकोले गाउँपालिकाले गरेको खर्चको विश्लेषण गर्न सकिएन । प्रगति प्रतिवेदन तयार गरी समीक्षा गर्दा योजना तथा कार्यक्रम कार्यान्वयनमा थप प्रभावकारिता आउने भएकोले गाउँपालिकाले यसतर्फ समेत ध्यान दिनुपर्ने देखिन्छ । | |
| ३. | **खर्च गर्ने अख्तियारी र कार्यविधिः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ वमोजिम सभावाट वजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ। प्रमुख प्रशासकिय अधिकृतले १५ दिन भित्र वडा सचिवलाई कार्यक्रम र वजेट सहित प्रचलित कानून वमोजिम खर्च गर्ने अख्तियारी दिनुपर्ने व्यवस्था छ । वडा कार्यालयहरुमा जनशक्ति तथा भौतिक पूर्वाधारहरुको व्यवस्था भै नसकेको कारण वडा सचिवहरुलाई अख्तियारी प्रदान गर्न सकेको देखिएन । अन्तरनिकाय समन्वय गरी कानूनी व्यवस्थाको कार्यान्वयन गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजु रकम |
|---|---|---|
| ४. | **आन्तरिक लेखापरीक्षण :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७(२)मा स्थानीय तहले कानून बमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने व्यवस्था रहेकोमा यस गाउँपालिकाले आन्तरिक लेखापरीक्षण गराएको छैन । | |
| ५. | **स्थानीय तथ्यांक र अभिलेख**: स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ वमोजिम नगरपालीकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले स्थानीय तथ्यांक सम्वन्धी निती, कानून र सोको मापदण्ड बनाएको पाइएन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुदा यस तर्फ गाउँपालिकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ । | |
| ६. | **कल्याण कोष** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ वमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानून वमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान, औषधि उपचार लगायतका सुविधा उपलब्ध गराउन अवकास कोषको स्थापना गर्ने व्यवस्था छ । त्यसैगरी ऐनमा स्थानीय तहले कार्यालयलाई कर्मचारी कल्याण कोषको लागि आवश्यक पर्ने रकम समेत जम्मा गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले आवश्यक रकमको व्यवस्था गरी अवकास कोषलाई मजबुद गरेको देखिएन । गाउँपालिकाको दीर्घकालिन आर्थिक दायित्व न्यूनिकरण गर्न योगदानमा आधारित अवकास सुविधा सम्वन्धी नियम तर्जुमा गरी अवकास कोष मजबुत गर्न आवश्यक देखिन्छ । | |
| ७. | **अवण्डा :** आर्थिक कार्याविधि नियमावली, २०६४ को नियम ३६(१) मा कार्यालयले स्वीकृत बजेट खर्च गर्दा निर्धारित कार्यमा खर्च गर्नु पर्ने व्यवस्था छ । सो विपरित गाउँपालिकाले विविध योजना संचालन ( सवै वडा) कार्यक्रममा रु.२९१२४८७- अवण्डा राखी गाउँ कार्यापालिकाको पटक पटकको निर्णयको आधारमा खर्च गरेको छ । गाउँ सभावाट कार्यक्रम स्वीकृती नगराई खर्च गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ। | |
| | **वित्तीय समानिकरण पुंजिगततर्फः** | |
| ८. | **उपभोक्ता समिति :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिवाट काम गराउँदा सम्पन्न निर्माण कार्यको संचालन उपभोक्ता समितिले गर्नुपर्ने, खर्चको सूचना सार्वजनिक गर्नुपर्ने, निर्माण कार्यमा लोडर एक्साभेटर मेसिनहरु प्रयोग गर्न नहुने व्यवस्था छ । गाउँपालिकाले लोडर एक्साभेटर मेसिनहरु समावेश भएका आयोजना उपभोक्ता समितिवाट संचालन गरी उपभोक्ताको जनश्रमदान अंश समेत सोही उपकरणवाट गराई खर्च भुक्तानी गर्ने गरेको देखियो । यसवाट उपभोक्ता समिति मार्फत कार्य गराई आयोजनामा जनताको स्वामित्व अभिवृद्धि गरी रोजगारी सृजना हुने अवस्था नदेखिएकोले यस्ता कार्य प्रतिस्पिर्धा मार्फत गराउँदा मितव्ययी हुने देखिन्छ । जसको केही उदाहरण देहायमा उल्लेख छ । | |

| सि.नं | योजनाको नाम | बजेट | कार्यसम्पन्न रकम | कैफियत |
|---|---|---|---|---|
| १ | कार्तिके दिप्दी देव्लीटार सडक | ४०००००० | ४५४९८२६ | एक्साभेटर लगाई रु.३८४००००।- को कार्य गराएको |
| २ | राखाहारा दिम्सुङ्ग सडक | २२००००० | २४८५४४१ | एक्साभेटर लगाई रु.२११०२७५।- को कार्य गराएको |
| ३ | ऐसेलुखर्क वाकाचोल सडक | २९००००० | ३२७३२९३ | एक्साभेटर लगाई रु.२७८३९९९।- को कार्य गराएको |
| ४ | बगाले चौतारा सिरुडाँडा सडक | २२००००० | २४९२८७० | एक्साभेटर लगाई रु.२१०९७१०।- को कार्य |

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td>
<table>
<tr><td></td><td></td><td></td><td></td><td>गराएको</td></tr>
<tr><td>५</td><td>वडा कार्यालय महेश्वरी तुइनटार सडक</td><td>१५०००००</td><td>१६९७२९२</td><td>एक्साभेटर लगाई रु.१४३९९९।- को कार्य गराएको</td></tr>
<tr><td>६</td><td>कार्तिके दिप्दी देव्लीटार सडक (पूर्वाधार शसर्त)</td><td>२९७००००</td><td>३४१२९९२</td><td>एक्साभेटर लगाई रु.२८८१३०३।- को कार्य गराएको</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>९.</td><td>कानून निर्माण र कार्यान्वयन : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ अनुसार गाउँपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही आवश्यकता अनुसार निर्देशिका, नियम, कार्यविधि र मापदण्ड बनाई कार्यन्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार गाउँपालिकाले स्वीकृत गरेका कानूनहरु स्थानीय राजपत्रमा प्रकाशित भएका छैनन् त्यसैले स्वीकृत कानून तोकिए बमोजिम राजपत्रमा प्रकाशित गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>१०.</td><td>बढि मु.अ.कर भुक्तानी : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(८) बमोजिम कुनै रकमको भुक्तानी दिंदा रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । कार्यालयले कार्तिके दिप्दी देविटार सडक निर्माण गरे बापत हाइकिङ्ग सोसाइटी नेपालको विल रु.१२९१८००।- मा मु.अ.कर रु.१६७९३४।- मात्र दिनुपर्नेमा रु.१९२९२०।- भुक्तानी खर्च लेखेकोले बढी भुक्तानी भएको मु.अ.कर रु.२४९८६।- असुल हुनुपर्ने रु...</td><td>२४९८६/-</td></tr>
<tr><td>११.</td><td>आनुपातिक कट्टी : सर्वाजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समितिले गर्नुपर्ने योगदान भन्दा कम काम सम्पन्न भई रनिङ्ग विल र मूल्यांकन प्रतिवेदन प्राप्त भएकोमा सोही अनुरुप स्थानीय निकायवाट व्यहोरिने रकमलाई पनि सोही अनुपातमा कम गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले निम्न उपभोक्ताहरुसंग भएको कार्यमा लागत अनुमान अनुसार गर्नुपर्ने योगदान भन्दा घटी योगदान गरेको अवस्थामा पनि कार्यालयले दिने अनुदानमा आनुपातिक कट्टी नगरी बढी खर्च लेखेकोले यसरी बढी खर्च लेखेको रकम असुल हुनुपर्ने रु...
<table>
<tr><th>भौ.नं.र मिति</th><th>कार्यक्रम/योजना</th><th>बजेट</th><th>श्रमदान समेत लागत अनुमान</th><th>कार्यसम्पन्न</th><th>भुक्तानी खर्च रकम</th><th>बढी खर्च</th></tr>
<tr><td>२२९-२०७६/१/११</td><td>कालिका मा.वि.गेट तथा रिटेनिङ्ग वाल</td><td>४०००००</td><td>४५२६५२</td><td>४४७४९८</td><td>४०००००</td><td>४५५५</td></tr>
<tr><td>४०२-२०७६/३/२६</td><td>स्वस्थ्य चौकी भवन निर्माण</td><td>१५०००००</td><td>१७१०३४५</td><td>१२९४०९१</td><td>११५९९७७</td><td>२५०३८</td></tr>
<tr><td>१९-२०७६/३/९ (संघीय सरकार)</td><td>भदौरे माने डाँडा ग्रामीण सडक</td><td>२०००००</td><td>२३९६४१</td><td>२३४५९०</td><td>१९९४०१</td><td>३६१६</td></tr>
<tr><td>३४-२०७६/३/२२ (संघीय सरकार)</td><td>ढाडे कुलो सिंचाई योजना</td><td>६७००००</td><td>८८८१०६</td><td>७८७१५४</td><td>६६९०८१</td><td>७५२४०</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td></td><td>१०८४४९</td></tr>
</table>
</td><td>१०८४४९/-</td></tr>
<tr><td>१२.</td><td>कर कट्टी : भौ.नं.१९।२०७५।८।२० स्वास्थ्य संयोजक ओम जंग शाहीको बार्षिक समिक्षा गोष्ठिको संलग्न पेश्की फछ्र्यौट फाँटवारीमा रु.१३२५ पारिश्रमिक कर कट्टी गरी भुक्तानी दिएकोमा उक्त कर दाखिला प्रमाण पेश नभएको रु...</td><td>१३२५/-</td></tr>
<tr><td>१२.१.</td><td>(स्वास्थ्य तर्फ) भौ.नं.१३२।२०७६।३।२९ स्वास्थ्य संयोजक ओम जंग शाहीको विभिन्न ९ वटा कार्यक्रमको पेश्की फछ्र्यौट फाँटवारीमा रु.८१८५।- पारिश्रमिक कर कट्टी गरी भुक्तानी दिएकोमा उक्त कर दाखिला प्रमाण पेश नभएको रु...</td><td>८१८५/-</td></tr>
<tr><td>१३.</td><td>नर्मस भन्दा बढी भुक्तानी : निम्न भौचर र मितिवाट निम्न कार्यक्रमको प्रशिक्षक भत्ता बापत भुक्तानी भएकोमा अर्थ मन्त्रालयको खर्च सम्बन्धी मापदण्ड भन्दा बढी भुक्तानी भएको निम्न रकम असुल हुनुपर्ने रु..</td><td>१७९००/-</td></tr>
</table>

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजु रकम |
|---|---|---|

| भौ.नं.र मिति | कार्यक्रम | पेश्की फछ्र्यौट/ सोधभर्ना लिने | लिएको सेसन | लिन मिल्ने दर | लिएको दर | बढी |
|---|---|---|---|---|---|---|
| ३५-२०७५/९/१६ | उपभोक्ता समितिलाई योजना संचालन | सोम प्रसाद घिमिरे | ३५ | १५०० | १७०० | ७००० |
| २७७-२०७६/१/२९ | पूर्व प्राथमिक शिक्षक प्रशिक्षण/अभिमुखी करण | बुद्धि प्रसाद घिमिरे | १२ | १५०० | २००० | ६००० |
| ३३१-२०७६/२/२६ | महिला जन प्रतिनिधी नेतृत्व विकास | निर्मण खतिवडा | १२ | १५०० | १७०० | २४०० |
| ५-२०७६/३/१३ | प्रधानमन्त्री रोजगार कार्यक्रम | - | ५ | १५०० | २००० | २५०० |
| | जम्मा | | | | | १७९०० |

| | | |
|---|---|---|
| | **प्रदेश शसर्त अनुदानतर्फ** | |
| १४. | **ऐसेलुखर्क गाउँपालिका रावाखोला वाक्सीला सडक :-** आर्थिक मामिला तथा योजना मन्त्रालय प्रदेश नं.१ को च.नं.४६ मिति २०७५।८।३ को पत्र मार्फत रु.१,३५,००,०००।- बजेट विनियोजन भएकोमा सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार १ करोड भन्दा माथिको बजेट भएको उक्त आयोजना ठेक्का पट्टाको माध्यमबाट संचालन गर्नुपर्नेमा रु.६७,५०,०००।- का दुई वटा योजना बनाई उपभोक्ता समिति मार्फत संचालन गरेको देखियो । यसरी ठेक्का पट्टाको माध्यमबाट गर्नुपर्ने कार्य उपभोक्ता समिति मार्फत गर्नु नियमसम्मत देखिएन । तसर्थ स्वीकृत कार्यक्रम र बजेट अनुसारका योजना तोकिएको विधि अपनाई यथासमयमै संचालन गर्न गराउन विशेष ध्यान पुर्‍याउन पर्ने देखिन्छ । | |
| १५. | **भुक्तानीमा कट्टी :** भौ.नं.१४।२०७६।३।२१ आयकर ऐन २०५८ को दफा ८९(३क) अनुसार कार्यालयले उपभोक्ता समिति मर्फत संचालन गरेको रु.५० लाख भन्दा बढीको योजनामा भुक्तानी रकमको १.५ प्रतिशतले अग्रिम कर कट्टी गर्नु पर्दछ । लागत अनुमान रु.७५९३४७६।- भएको रावा खोला ढुंग्रे बादस्कु वडा कार्यालय थापा गाउँ सडक निर्माण योजनामा कार्यालयले उपभोक्ता समितिलाई भुक्तानी दिएको रु.६७५००००।- को १.५ प्रतिशतले लाग्ने अग्रिम कर रु.१०१२५०।- मा रु.९३४०५।- मात्र कट्टी गरेकोले नपुग रु.७८४५।- असुल गरी राजस्वमा दाखिला गर्नुपर्ने रु.- | ७८४५/- |
| १६. | **बढी भुक्तानी –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा निर्माण कार्यको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनु पर्ने उल्लेख छ । कार्यालयले शुक्रबारे दवेखा थुनाचो कामी गाउँ सोरसु बहाने पोखरी सडक उपभोक्ता समितिको कार्यको प्राविधिक मूल्यांकन रु.४८२२३५७।- भएकोमा रु.४८५३७१०।- खर्च लेखेकोले नभएको कामको बढी भुक्तानी रु.३१३५३।- असुल हुनुपर्ने रु... | ३१३५३/- |
| १७. | **सवारी साधन खरिद :** स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धि निर्देशिका २०७४ को दफा ५.१५ मा नेपाल सरकारवाट उपलब्ध गराइएको बजेट तथा श्रोत साधनवाट कार्यालयको नियमित प्रयोजनका लागि सवारी साधन खरिद गर्न नसकिने व्यवस्था छ । गाउँपालिकाले यस वर्ष पिकअप १ को रु.४५७१७८५।- (स्पेयरपाटर्स समेत) खर्च गरेको छ । गाउँपालिकाको आफ्नो आन्तरिक आय न्यून भएको आवस्थामा वित्तीय समानिकरण अनुदानवाट सवारी साधन खरिद गरेकोले नियम सम्मत देखिएन । यस्ता प्रकृतिका खर्चमा मितव्ययिता अपनाउनु पर्दछ । | |
| १८. | **डोजर र एक्साभेटर भाडा दरमा विविधता :** एउटा जिल्ला भित्र प्रयोग हुने डोजर एक्साभेटरको भाडा जिल्ला दररेटमा उल्लेख भएकोमा सोही अनुसार र नभएमा स्थानीय तहले जिल्ला भर समान दररेट | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजु रकम |
|---|---|---|
| | कायम गरी सो अनुसार कार्य हुनुपर्दछ । उपभोक्ताले डोजर एक्साभेटरसंग सम्झौता नगरी प्रति घण्टा फरक फरक दरमा रु.५५००।-, रु.५७००।- र केहिमा परिमाण र दर उल्लेख नगरी भाडामा लिई कार्य गराएको देखियो । गाउँपाालिकाले डोजर एक्साभेटर भाडामा एकरुपता ल्याउन आवश्यक निर्णय गरी उपभोक्ताले मनोमानी भाडा सम्झौता गरी काम गरेको देखाई विल पेश गर्ने परीपाटीमा नियन्त्रण हुनुपर्दछ । | |
| १९. | **खरिदमा प्रतिस्पर्धा :** सार्वजनिक खरीद ऐन,२०६३ को दफा ८(२) मा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा गरी खरीद गर्न नमिल्ने साथै नियम ८४ मा रू.५ लाखदेखि २० लाखसम्म लागत अनुमान भएको मालसामान सिलबन्दी दरभाउपत्रद्वारा खरीद गर्नुपर्ने व्यवस्था छ । नियमानुसार प्रतिस्पर्धात्मक तवरबाट खरिद कार्य गर्न सकिनेमा नमुना छनौट गर्दा कार्यालयले देहाय अनुसार सोझै खरिद विधिबाट मालसामान खरिद गरेको पाइएकोले यस्तो कार्यमा सुधार हुनुपर्दछ । | |

| गो.भौ.न./मिति | विवरण | फर्मको नाम | रकम (मु.अ.कर समेत) |
|---|---|---|---|
| २१-२०७६/३/१३ (संघीय) | सोलार खरिद | स्मार्ट पावर सिस्टम | ४९९३४७ |
| ३०-२०७६/३/१८ ,, | सोलार प्यानल खरिद | आचार्य फोटोकपी एण्ड कम्प्युटर मर्मत | ४७३००० |
| ३-२०७६/३/६ (प्रधानमन्त्री रोजगार) | औजार सामाग्री | न्यु पाण्डे भेराइटी स्टोर | ३०३१२२ |
| ४-२०७६/३/६ ,, | ,, | जानकी जेनेरल अडर्स सप्लायर्स | ३६३९७३ |

| | | |
|---|---|---|
| | **वित्तीय समानिकरण चालु** | |
| २०. | **स्थानीय तहका पदाधिकारी सुविधाः** नेपालको संविधानको धारा २२७ मा गांउँसभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानून बमोजिम हुने व्यवस्था अनुसार प्रदेश नं.१ ले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुबिधा सम्बन्धी ऐन २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको व्यवस्था अनुसार ऐसेलुखर्क गाँउपालिकाले देहाय बमोजिम रु.३८२१२००।- सुविधावापत भुक्तानी भएको छ । | |

| सि.नं | विवरण | प्रमुख/अध्यक्ष | उपप्रमुख | वडा अध्यक्ष ७ जना | कार्यपालिका सदस्य २ जना | सभाका सदस्य २६ जना | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | मासिक सुविधा | ० | ० | ० | ० | ० | ० |
| २ | सञ्चार सुविधा (मासिक दरमा) | ३०००० | ३०००० | १६८००० | २४००० | ३१२००० | ५६४००० |
| ३ | बैठक भत्ता (बैठक संख्याको आधारमा) | ६०००० | ७९२०० | ५०४००० | १४४००० | ६२४००० | १४११२०० |
| ४ | खाजा भत्ता (मासिक) | ४८००० | ३६००० | ८४००० | ० | ० | १६८००० |
| ५ | पुस्तक पत्रपत्रिका (मासिक) | ३६००० | ३०००० | १२६००० | ३६००० | १५६००० | ३८४००० |
| ६ | अनुगमन भत्ता (मासिक) | ७२००० | ५४००० | १२६००० | ३६००० | ३१२००० | ६००००० |
| ७ | खानेपानी, बिजुली महसुल (मासिक) | १८००० | १२००० | ८४००० | ० | ० | ११४००० |
| ८ | सरसफाई, मर्मत (मासिक) | २४००० | २४००० | ० | ० | ० | ४८००० |
| ९ | अतिथि सत्कार (मासिक) | २४००० | २४००० | ८४००० | ० | ० | १३२००० |
| १० | यातायात खर्च (मासिक) | ० | ४०००० | ० | ४८००० | ३१२००० | ४००००० |
| | **जम्मा** | ३१२००० | ३२९२०० | ११७६००० | २८८००० | १७१६००० | ३८२१२०० |

| | | |
|---|---|---|
| २१. | **चाडपर्व खर्चः** नेपाल सरकारको परिपत्र अनुसार करारमा नियुक्त शिक्षक कर्मचारीलाई करारमा नियुक्त भै ६ महिना काम गरिसकेको भए मात्र चाडपर्व खर्च भुक्तानी दिनुपर्ने उल्लेख छ । कार्यालयले देहायका | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजु रकम |
|---|---|---|
| | शिक्षकहरुलाई निजहरु करारमा नियुक्त भै ६ महिना अवधि नपुगेको अवस्थामा पनि चाडपर्व खर्च भुक्तानी दिएकोले दिन नमिल्ने उक्त रकम सम्बन्धित शिक्षकवाट असुल गर्नुपर्ने रु... | १७८७००/- |

| सि.नं. | विद्यालयको नाम | शिक्षकको नाम | नियुक्ति मिति | रकम |
|---|---|---|---|---|
| १ | कालिका मा.वि.राखा | भिमकला राई | २०७५/५/१ | ३४२०० |
| २ | जालपा मा.वि.वाकाचोल | बुद्धि कुमार राई | २०७५/५/११ | ३०५०० |
| ३ | सिम्ले मा.वि.जलेश्वरी | सञ्जय कुमार यादव | २०७५/५/११ | ३०५०० |
| ४ | शान्तोदय मा.वि.ज्यामिरे | रमेश कुमार चौधरी | २०७५/६/१ | ३०५०० |
| ५ | बौद्ध आ.वि.वाकाचोल | विष्णा राई | २०७५/५/९ | २३५०० |
| ६ | मयुर आ.वि.महेश्वरी | शुरविर राई | २०७५/५/११ | २३५०० |
| ७ | साङका छोवौ गुम्बा प्रा.वि. राखा ( वा.वि.के.) | छोरी शेर्पा | २०७५/५/११ | ६००० |
| जम्मा | | | | १७८७०० |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजु रकम |
|---|---|---|
| २२. | **विविध खर्च:** कार्यालयले कार्यालय प्रयोजनकोलागि चिया, नस्ता, खाजा बापतको रकम खर्च लेख्दा स्वीकृत बजेटको परिधि भित्र रही मितव्ययी तवरबाट खर्च गर्नु पर्दछ । यस कार्यालयले विविध शिर्षकबाट गाउँपालिका कार्यालय एवं ७ वटै वडाको चिया, खाजा, खाना बापत रु. १७,३४,७१२, शुभकामना आदानप्रदान बापतको चिया नास्तामा रु.५५,०००।- र बनभोज कार्यक्रममा रु.४०,०००।- गरी रु.१८,२९,७१२।- खर्च गरेको देखियो । यस प्रकारका अनुत्पादक खर्चमा नियन्त्रण गर्नुपर्दछ । | |
| २३. | **सूचना प्रकाशनः** पत्रपत्रिकामा कार्यालयको विविध किसिमको सूचना प्रकाशन बापतको रकम भुक्तानी गर्दा सूचना प्रकाशनको बील अंकमा कम्तिमा २५ प्रतिशत छुट गरि बिलिङ्ग गर्ने प्रणाली गोरखापत्र लगायत सबै मिडियाहरुले गर्ने गरेका छन् । यस कार्यालयले देहायको मिडिया मार्फत सूचना प्रकाशन गर्दा बील अंकमा पर्याप्त छुट गरेको नदेखिँदा कार्यालयलाई रु.१,०४,८७०।- थप व्ययभार पर्न गएको छ । | |

| गो.भौ/मिति | मिडियाको नाम | बील अंक (मू.अ.कर बाहेक) | छुट गर्नुपर्ने रकम | कैफियत |
|---|---|---|---|---|
| ४६-२०७५/६/२३ | खोटाङ्ग खबर साप्ताहिक | ३८००० | ६५०० | न्युन रकम छुट लिएको |
| | हलेशी टाईम्स | ६०००० | ५००० | १६.६६% मात्र छुट लिएको |
| १५-२०७५/१०/८ | प्रभाव न्यून नेटवर्क प्रा.लि. | ५७४८० | १४३७० | छुट नलिएको |
| | समायोजन खबर डट कम | ५७००० | १४२५० | छुट नलिएको |
| १३९-२०७५/११/१५ | भेट टाईम्स मिडिया प्रा.लि. | १५९००० | ३९७५० | छुट नलिएको |
| २४२-२०७६/२/२३ | हलेशी खबर पत्रीका | १००००० | २५००० | छुट नलिएको |
| | | **जम्मा** | **१०४८७०** | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजु रकम |
|---|---|---|
| २४. | **पदाधिकारीलाई दोहोरो सुविधा :** भौ.नं ३८-२०७५/६/२२ र ६४-२०७५/८/६ गाउँ तथा नगर सभाका सदस्यहरुले पाउने सुविधा सम्बन्धि ऐन, २०७५ को दफा ३ अनुसुची १(क) मा तोकिए अनुसार गाउँपालिकाका पदाधिकारीहरुको सुविधा भुक्तानी गर्दा दोहोरो नपर्नेगरी गर्नुपर्दछ । कार्यालयले कार्यपालिका सदस्य एवं वडा अध्यक्षको सुविधा भुक्तानी गर्दा १ पदको मात्र सुविधा दिनुपर्नेमा केहि सुविधा गा.पा. कार्यालयबाट र केहि सुविधा वडा कार्यालयबाट दिने गरेकोले दुवैपदको सुविधा भुक्तानी हुँदा दोहोरो पर्न गएको देखियो । यसरी २०७५ श्रावण, भाद्र र असोजमा दोहोरो हुन गएको देहायअनुसारको रकम असुल गर्नुपर्ने रु | ७०५००/- |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजु रकम |
|---|---|---|

| सि.नं | दर्जा, नाम थर | टेलिफोन/मोबाईल | पत्रपत्रिका/ईन्टरनेट | जम्मा रकम |
|---|---|---|---|---|
| १. | वडा अध्यक्ष, श्री फुलकमल राई | ३००० | ४५०० | ७५०० |
| २. | वडा अध्यक्ष, श्री धनकुमार राई | ३००० | ४५०० | ७५०० |
| ३. | वडा अध्यक्ष, श्री सन्तवीर तामाङ्ग | ३००० | ४५०० | ७५०० |
| ४. | वडा अध्यक्ष, श्री राजेश कुमार राजभण्डारी | ३००० | ४५०० | ७५०० |
| ५. | वडा अध्यक्ष, श्री नैनकुमार राई | ३००० | ४५०० | ७५०० |
| ६. | वडा अध्यक्ष, श्री दिलबहादुर राई | ३००० | ४५०० | ७५०० |
| ७. | वडा अध्यक्ष, श्री मीनबहादुर राई | ३००० | ४५०० | ७५०० |
| ८. | वडा सदस्य, श्री जानुमाया राई | ३००० | १५०० | ४५०० |
| ९. | वडा सदस्य, श्री छिरिङ्गलाह्मु शेर्पा | ३००० | १५०० | ४५०० |
| १० | वडा सदस्य, श्री चमेली बि.क | ३००० | १५०० | ४५०० |
| ११ | वडा सदस्य, श्री लक्ष्मी बि.क | ३००० | १५०० | ४५०० |
| | जम्मा | **३३०००** | **३७५००** | **७०५००** |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजु रकम |
|---|---|---|
| २५. | **गाउँपलिकाको पार्श्वचित्र निर्माण :** भौ.नं ६४-२०७५/८/७ र १२४-२०७५/१०/१५ सार्वजनिक खरिद नियमावली, २०६४मा भएको व्यवस्था अनुसार परामर्श सेवा मार्फत कार्य गराउँदा पेश्की दिएको रकमको बैंक जमानत लिनु पर्दछ । गाउँपालिकाको पार्श्वचित्र निर्माण गर्न छनौट भएका एन.एन. फाउण्डेशन प्रा.लि. (मू.अ.कर. दर्ता नं ६०६७११०४५) र कार्यालय बीच २०७५।६।८ मा भएको सम्झौता अनुसार प्रा.लि.लाई सम्झौता अंक रु.१४,९८,३८०/-(मू.अ.कर समेत) को ५० प्रतिशत रकम रु.७,४९,१९०/- पेश्की दिएको देखियो । प्रा.लि.ले उक्त कार्य २०७५ पौष मसान्त सम्म सम्पन्न गरिसक्नुपर्ने उल्लेख छ । कार्यालयले यसरी पेश्की दिँदा सो बराबरको बैक ग्यारेण्टी लिनुपर्नेमा लिएको देखिएन । यसरी नियमावली २०६४ मा भएको व्यवस्थाको पालना नगरी पेश्की दिनु मनासिव देखिएन । यस सम्बन्धि थप व्यहोराहरु निम्नानुसार छन्: | |
| २५.१. | उक्त पार्श्वचित्र तयार गरी सम्झौता अंक बरावरको कर बिजक जारी गर्नुपर्नेमा निजले रु.८,३४,८३०/-को मात्र कर बिजक जारी गरी बाँकी रु.६,६३,५५०/-को कर बिजक जारी नगरी करुणा अफसेट प्रेस, ग्लोबल कम्युनिकेशन एण्ड मनि ट्रान्सफर, ऐसेलुखर्क पाहुनाघर लज एण्ड रेष्टुरेण्ट आदिका कर बिजक बेगरका अन्य खुद्रे बिल संलग्न गरी भुक्तानी लिएको देखियो । मू.अ.कर ऐन, २०५२ र नियमावली २०५३ अनुसार दर्ता भएको करदाताले कारोवार गर्दा रितपूर्वकको बिजक जारी गर्नुपर्नेमा भुक्तानी लिएको रकम रु.६,६३,५५०/- कारोवारमा नदेखाई मू.अ.कर छलेको देखियो । तसर्थ उक्त रकमको हुन आउने मू.अ.कर रु.७६,३३७- असुल गरी मू.अ.कर ऐन नियम अनुसार लाग्ने थप दस्तुर समेत आन्तरीक राजश्व कार्यालयमा दाखिला गर्नुपर्ने देखिएको रु | ७६३३७/- |
| २५.२. | सम्झौता अनुसार निजले पौष मसान्तमा पार्श्वचित्र तयार गरी कार्यालयमा दाखिला गर्नुपर्नेमा नगरी २०७५/१०/१४ मा मात्र दाखिला गरेकोले ढिलाई दिन १४ को सम्झौता अंक रु.१४,९८,३८०/- को दैनिक ०.०५ प्रतिशतले हुन आउने थप दस्तुर रु.१०,४८९/- असुल गर्नुपर्ने रु... | १०४८९/- |
| २६. | **न्यायिक समितिको बैठक भत्ता :** गाउँ तथा नगरसभाका सदस्यहरुले पाउने सुविधा सम्बन्धि ऐन, २०७५ को दफा ६ को अनुसूची ३ मा व्यवस्था भए अनुसारको दर र संख्यामा बैठक भत्ता भुक्तानी दिनुपर्नेमा निम्नानुसार बढी संख्यामा बैठकको भत्ता दिएबाट बढी भुक्तानी दिएको रकम सम्बन्धितबाट असूल | १४२८०/- |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजु रकम |
|---|---|---|
| | गर्नुपर्ने रु... | |

| भौ.नं. र मिति | अवधि | दर्जा, नाम, थर | दिनुपर्ने बैठक संख्या | दिएको बैठक संख्या | बढी संख्या | दर | रकम |
|---|---|---|---|---|---|---|---|
| ८२-२०७५/९/१ | २०७५ श्रावण-असोज | उपाध्यक्ष पुण्यकला भुजेल | ६ | १० | ४ | १२०० | ४८८० |
| | | सदस्य दुर्गा ब. श्रेष्ठ | ६ | १० | ४ | १००० | ३४०० |
| | | सदस्य अरुण राई | ६ | १० | ४ | १००० | ३४०० |
| | | सचिवालय कर्मचारी सोम प्र. घिमिरे | ६ | १० | ४ | १००० | ३४०० |
| | | | | | | जम्मा | १४२८० |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजु रकम |
|---|---|---|
| २७. | **ओ.जे.टी. तालिम खाजा खर्च :** भौ.नं.९४-२०७५/९/२० दिक्तेल प्राविधिक शिक्षालय, खोटाङ्गबाट अध्ययन गरिरहेका सब-ओभरसियरहरु ओ.जे.टी. तालिमको लागि यस कार्यालयमा आवद्ध भै निजहरुलाई तालिम अवधि ६ महिना कार्यालयको प्राविधिक काममा सघाएको भनी प्रति महिना प्रति व्यक्ति रु.३५००/- का दरले खाजा खर्च बापत रु.६३,०००/- भुक्तानी दिएको देखियो । यसरी अन्य शैक्षिक संस्थाबाट ओ.जे.टी. तालिममा आउने प्रशिक्षार्थीबाट कार्यालय मार्फत प्राविधिक ज्ञान सीप आर्जन गरेबापत कार्यालयलाई शैक्षिक संस्थाबाट थप आय आर्जन हुनुपर्नेमा त्यसै नभै थप खर्च व्ययभार पर्न गएको देखिएको रु... | ६३०००/- |
| २८. | **गाउँपालिका गुरुयोजना :** भौ.नं.२४४-२०७६/२/२६ सार्वजनिक खरिद नियमावली, २०६४ मा व्यवस्था भए अनुसार परामर्श सेवा प्राप्त गर्दा सम्झौतामा तोकिएको मिति भन्दा ढिला गरी कार्य सम्पन्न प्रतिवेदन पेश भएमा ढिला दिनको सम्झौता रकमको दैनिक ०.०५ प्रतिशतका दरले हर्जाना लिन पर्ने व्यवस्था छ । कार्यालयले गा.पा.को भवन निर्माण एवं भिरपानी-ऐसेलुखर्क-रावाखोला-माक्पा-ऐसेलुखर्क सडक, कार्यालयको सभाहल आदिको ड्रईङ्ग, डिजाईन, डि.पि.आर. २०७६/२/१५ भित्र सम्पन्न गर्ने गरी विन.ई.ग्रुप प्रा.लि. संग २०७६/१/१० मा सम्झौता भएकोमा उक्त प्रा.लि.ले २०७६/२/२४मा मात्र कार्य सम्पन्न प्रतिवेदन पेश गरेकोले ढिला दिन ९ को सम्झौता अंक रु.८,७५,०००/-(मू.अ.कर बाहेक)मा नियमानुसार लाग्ने हर्जाना रु.३९३७- असुल गर्नुपर्ने देखिएको रु... | ३९३७/- |
| २९. | **कर्मचारीहरुको व्यक्तित्व विकास तथा क्षमता अभिवृद्धि तालिम :** भौ.नं.२९०-२०७६/३/२३ कार्यालयले तालिमका सहभागीहरुलाई दोहोरो नपर्नेगरी भत्ता खर्च लेख्नुपर्दछ । गाउँपालिकामा २०७६/३/२० र २१ गते संचालित व्यक्तित्व विकास तथा क्षमता अभिवृद्धि तालिमका सहभागी देहाय अनुसारका कर्मचारीलाई तालिम अवधिको दैनिक भत्ता, तालिम भत्ता एवं खाना खर्च समेत खर्च लेखेको देखियो । तालिम अवधिको दैनिक भत्ता दिईसकेपछि पुनः तालिम भत्ता दिन मिल्ने नदेखिँदा देहाय अनुसार दोहोरो परेको तालिम भत्ता रकम सम्बन्धित भुक्तानी लिने कर्मचारी वा खर्च लेख्ने जिम्मेवार कर्मचारीबाट असुल गर्नुपर्ने देखिएको रु... | १८७००/- |

| सि.नं. | कर्मचारीको दर्जा, नाम थर | दोहोरो परेको रकम (कर कट्टी घटाई) |
|---|---|---|
| | हे.अ. एलिसा बुढाथोकी | १७०० |
| | खरिदार रमेश भट्टराई | १७०० |
| | हे.अ. पाँचौ सचिन श्रेष्ठ | १७०० |
| | पाँचौ तह पदम बहादुर राई | १७०० |
| | ना.प्रा.स. पेशल रिजाल | १७०० |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजु रकम |
|---|---|---|
| | | |

| | | |
|---|---|---|
| | ना.प्रा.स. जयन्ती लिम्बु | १७०० |
| | हे.अ. पपु प्रसाद कुशवाह | १७०० |
| | हे.अ.सुरेन्द्र प्रसाद साह | १७०० |
| | अ.हे.व. संजीव कुमार यादव | १७०० |
| | हे.अ.सरिता कुमारी यादव | १७०० |
| | अ.हे.व.हरेराम यादव | १७०० |
| जम्मा | | **१८७००** |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजु रकम |
|---|---|---|
| ३०. | **फोटोकपी बिलबाट खर्च :** भौ.नं.३०७-२०७६/३/३० आर्थिक कार्याविधि नियमावली, २०६४ अनुसार कार्यालयले स्वीकृत बजेटबाट खर्च गर्दा सक्कल बिल भरपाई संलग्न गरेरमात्र खर्च गर्नुपर्दछ । कार्यालयले हिमाल एफ.एम. ९०.२ मेगाहर्ज को २०७६ अषाढको ४ थान ईष्टिमेट फोटोकपी बिलबाट बजेट खर्च लेखेको देखियो । यसरी नियमावलीको व्यवस्था विपरित खर्च लेखेको रकमको सक्कल बिल पेश गर्नुपर्ने अन्यथा खर्च लेख्ने जिम्मेवार कर्मचारीबाट असूल गर्नुपर्ने रु... | ३००००/- |
| ३१. | **बढी भत्ता भुक्तानी :** भौ.नं.३०८-२०७६/३/३० गाउँ तथा नगरसभाका सदस्यहरुले पाउँने सुविधा सम्बन्धि ऐन, २०७५को दफा ४ अनुसूची २ मा तोकिए बमोजिमको दरमा मात्र गाउँसभाको बैठकमा उपस्थित सदस्यहरुलाई भत्ता भुक्तानी दिनुपर्नेमा देहाय अनुसार बढी दरले भुक्तानी दिईएकोले यसरी बढी भुक्तानी भएको रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु... | ४९३००/- |

| सि.नं. | दर्जा, नाम थर | बैठक संख्या | दिनुपर्ने दर | दिएको दर | बढी दर | बढी रकम (कट्टी कर घटाई) |
|---|---|---|---|---|---|---|
| | अध्यक्ष श्री विश्वनाथ निरौला | ४ | १५०० | २५०० | १००० | ३४०० |
| | उपाध्यक्ष श्री पुष्पकला भुजेल | ४ | १२०० | २२०० | १००० | ३४०० |
| | का.पा. सदस्य श्री झन कुमार राई | ४ | १००० | २००० | १००० | ३४०० |
| | का.पा. सदस्य श्री सन्तवीर तामाङ्ग | ४ | १००० | २००० | १००० | ३४०० |
| | का.पा. सदस्य श्री राजेश कुमार राजभण्डारी | ४ | १००० | २००० | १००० | ३४०० |
| | का.पा. सदस्य श्री नैन कुमार राई | ४ | १००० | २००० | १००० | ३४०० |
| | का.पा. सदस्य श्री दिल कुमार राई | ४ | १००० | २००० | १००० | ३४०० |
| | का.पा. सदस्य श्री मिन बहादुर राई | ३ | १००० | २००० | १००० | २५५० |
| | का.पा. सदस्य श्री फुलकमल राई | ३ | १००० | २००० | १००० | २५५० |
| | का.पा. सदस्य श्री खड्ग वानछिरिङ्ग | ४ | १००० | २००० | १००० | ३४०० |
| | का.पा. सदस्य श्री देवीचरण रम्तेल | ४ | १००० | २००० | १००० | ३४०० |
| | का.पा. सदस्य श्री जानुमाया राई | ४ | १००० | २००० | १००० | ३४०० |
| | का.पा. सदस्य श्री चमेली बिश्वकर्मा | ४ | १००० | २००० | १००० | ३४०० |
| | का.पा. सदस्य श्री लक्ष्मी बिश्वकर्मा | ४ | १००० | २००० | १००० | ३४०० |
| | का.पा. सदस्य श्री छिरिङ्गलमु तामाङ्ग | ४ | १००० | २००० | १००० | ३४०० |
| | | | | | जम्मा | **४९३००** |

| | | |
|---|---|---|
| | **विषयगत कार्यक्रमतर्फ** | |
| | **शिक्षा** | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजु रकम |
|---|---|---|
| ३२. | **विद्यालयगत निकासा रजिष्ट्रर :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ मा अधिकार प्राप्त अधिकारीले आय व्यय ठीक र विश्वसनिय रहेको तथा दोहोरो हुने गरी भुक्तानी भएको छैन भन्ने कुरामा ध्यान दिनु पर्ने उल्लेख छ । कार्यालयले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको रकमको स्पष्ट विवरण खुल्ने गरी अभिलेख राख्नु पर्नेमा यथार्थ विवरण खुल्ने गरी विद्यालयगत निकासा अभिलेख राखेको छैन । जसबाट विद्यालयलाई वास्तविक रुपमा निकासा दिनु पर्ने र भुक्तानी दिएको रकम बारे यथार्थ विवरण प्राप्त गर्न कठिन हुने भएकाले विद्यालयगत निकासा रजिष्ट्रर खाता अद्यावधिक गरी राख्नुपर्दछ । | |
| ३३. | **बढी निकासा :** शिक्षा नियमावली, २०५९ को नियम १७९ बमोजिम बढी र दोहोरो नहुने गरी तलब भत्ता लगायतको रकम निकासा दिनुपर्दछ । निम्नानुसारका शिक्षकहरुलाई नियमले पाउने भन्दा बढी तलब भत्ता निकासा गरेकोले बढी निकासा गरेको रकम असुल गरी बेरुजू दाखिला हुनुपर्दछ । | |
| ३३.१. | भानु नि.मा.वि.का शिक्षक श्री खेमराज अधिकारीको तलब स्केल रु.२३५००।- र ग्रेड रु.३९१५।- गरी जम्मा रु.२७४१५।- को कर्मचारी संचयकोष १० प्रतिशतले हुने रु.२७४२।- मा सावधिक जीवन विमा रु.४००।- जोड्दा रु.३१४२।- ले एक चौमासिकको (ग्रेड रकम र सावधिक जीवन विमा मात्र) रु.१२५६८।- निकासा हुनुपर्नेमा रु.२८२२८।- निकासा भएको पाइएकोले बढी निकासा भएको रु.१५६६०।- असुल गरी दाखिला हुनुपर्ने रु... | १५६६०/- |
| ३३.२. | जालपा मा.वि. बाकाचोलले विद्यालय शिक्षकको २०७६ बैशाख देखि २०७६ आषाढसम्मको लागि तलब भत्ता रु.४९४१३८।- माग फाराम भरी पठाएकोमा उक्त विद्यालयलाई निकासा फाराम अनुसार रु.५२९६६५।- निकासा भएको पाइएकोले माग भन्दा बढी निकासा भएको रु.३५५२७।- असुल गरी दाखिला हुनुपर्ने रु... | ३५५२७/- |
| ३४. | **करार कर्मचारी चाडपर्व खर्च :** नेपाल सरकार, मन्त्री परिषद्को मिति २०७४।१।२१ को निर्णयानुसार कार्यालयको स्वीकृत दरबन्दी भित्र करारमा रहेका कर्मचारीहरुलाई कम्तिमा ६ महिना करार सेवा गरेमा सालवसाली रुपमा १ महिनाको आधारभुत पारिश्रमिक वरावरको चाडपर्व खर्च उपलब्ध गराउने भन्ने उल्लेख भएकोमा निम्न कर्मचारीहरुको करार अवधि ६ महिना नपुग्दै चाडपर्व खर्च भुक्तानी भएकोले असुल हुनुपर्ने रु... | १०३०१०/- |

| विद्यालयको नाम | कर्मचारीको नाम | नियुक्ति मिति | चाडपर्व खर्च बापत भुक्तानी रकम |
|---|---|---|---|
| त्रिभुवन उ.मा.वि. | हुलास गुरुङ्ग | २०७५/६/१ | ३०५००.०० |
| मयुर नि.मा.वि. | तारादेवी राई | २०७५/५/३१ | २२१७०.०० |
| सिम्ले मा.वि. | मुगाधन राई | २०७५/३/१७ | २२१७०.०० |
| शान्तोदया मा.वि. | पदम कुमारी राई | २०७५/६/१ | २२१७०.०० |
| लालबौद्ध आ.वि. | सिता पोखरेल | २०७५/२/१३ | ६०००.०० |
| **जम्मा** | | | **१०३०१०.००** |

| | | |
|---|---|---|
| ३५. | **करार कर्मचारी पोषाक खर्च :** नेपाल सरकार, मन्त्री परिषद्को मिति २०७४।१।२१ को निर्णयानुसार स्वीकृत दरबन्दी भित्र रहेका करारका कर्मचारीहरुलाई सालवसाली रुपमा एक (१) पटक चैत्र महिनामा पोशाक भत्ता निजामती कर्मचारीले पाए सरह पाउने व्यवस्था भएकोमा निम्न विद्यालयमा रिक्त दरबन्दीमा चैत्र महिना पछाडी नियुक्ति भएकाहरुलाई समेत पोशाक भत्ता भुक्तानी भएको पाइयो । यसरी | |

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td>अवधि नपुग्दै भुक्तानी भएको पोशाक भत्ता असुल गर्नुपर्ने रु...
<table>
<tr><th>विद्यालयको नाम</th><th>कर्मचारीको नाम</th><th>नियुक्ति मिति</th><th>पोशाक भत्ता</th></tr>
<tr><td>कालिका मा.वि., बाकाचोल</td><td>कुमार तामाङ्ग</td><td>२०७६/१/२९</td><td>१००००.००</td></tr>
<tr><td>,,</td><td>भानुभक्त राजवंशी</td><td>२०७६/२/२७</td><td>१००००.००</td></tr>
<tr><td>जल्पा मा.वि., बाकाचोल</td><td>कुमार तामाङ्ग</td><td>२०७६/२/२७</td><td>१००००.००</td></tr>
<tr><td>धनकन्या प्रा.वि., राखा</td><td>यमुना राई</td><td>२०७६/२/१७</td><td>१००००.००</td></tr>
<tr><td>शिशु मा.वि., महेश्वरी</td><td>सुमन दाहाल</td><td>२०७६/३/१५</td><td>१००००.००</td></tr>
<tr><td>,,</td><td>कृष्ण सरदार</td><td>२०७६/२/२०</td><td>१००००.००</td></tr>
<tr><td>,,</td><td>चतुर्भज चौधरी</td><td>२०७६/२/३०</td><td>१००००.००</td></tr>
<tr><td>,,</td><td>देवी कोइराला</td><td>२०७६/२/१७</td><td>१००००.००</td></tr>
<tr><td>मयुर नि.मा.वि., महेश्वरी</td><td>खिनामाया वि.सी.</td><td>२०७६/२/१५</td><td>१००००.००</td></tr>
<tr><td>,,</td><td>धिरेन्द्र कुमार यादव</td><td>२०७६/२/१५</td><td>१००००.००</td></tr>
<tr><td>कालिका प्रा.वि.</td><td>अम्बिका कुमारी शर्मा</td><td>२०७६/२/१५</td><td>१००००.००</td></tr>
<tr><td>शिशु मा.वि., महेश्वरी</td><td>प्रदिप कुमार मेहता</td><td>२०७६/२/२०</td><td>१००००.००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td></td><td>१२००००.००</td></tr>
</table></td><td>१२००००/-</td></tr>
<tr><td>३६.</td><td>छात्रवृति तथा पाठ्यपुस्तक वितरण : कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार छात्रवृत्ति तथा पाठ्यपुस्तक दोहोरो नपर्ने गरी वितरण गर्ने व्यवस्थाका लागि कार्यालयले अनुगमन गर्नुपर्दछ । कार्यालयले यस आ.ब.मा छात्रवृत्ति बापत रु.६६३८००।- र निशुल्क पाठ्यपुस्तक बापत रु.१३१५४९५।- गरी ४३ विद्यालयहरुलाई रु.१९७९२९५।- निकासा दिएको छ । तर उक्त निकासा रकम तोकिएको प्रक्रिया अनुसार वितरण भए नभएको तथा दोहोरो परे नपरेको सम्बन्धमा कार्यालयले अनुगमन गरेको छैन । जसबाट सो रकमको सही उपयोग सम्बन्धमा सुनिश्चित हुने आधार देखिएन । त्यसैले कार्यालयबाट निकासा हुने रकम दोहोरो नहुने तथा तोकिए बमोजिम वितरण गर्ने व्यवस्थाका लागि निरन्तर अनुगमन मूल्यांकन हुनु पर्दछ ।</td><td></td></tr>
<tr><td>३७.</td><td>सामाजिक परिक्षण र वित्तिय लेखा परिक्षण :- विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यान्वयन पुस्तिका २०७५।७६ बमोजिम यस गाउँपालिका अन्तर्गतका ८ माध्यमिक विद्यालय र ३५ आधारभुत विद्यालयलाई क्रमशः १५ हजार र १० हजारका दरले सार्वजनिक परिक्षण तथा लेखापरीक्षण बापत रु.४,७०,०००।- अनुदान दिएकोमा सामुदायिक विद्यालयले लेखापरीक्षण गराई पारदर्शिता जवादेहिताको सुनिश्चिततताका साथ दोस्रो चौमासिक निकाशा दिँदा सम्म सामाजिक परिक्षण प्रतिवेदन अनिवार्य रुपमा पेश गर्नुपर्ने व्यवस्था भएकोमा लेखापरीक्षण अवधिसम्म आर्थिक तथा सामाजिक लेखापरीक्षण प्रतिवेदन लिएको देखिएन ।</td><td></td></tr>
<tr><td>३८.</td><td>वित्तीय प्रतिवेदनः गाउँपालिकावाट निम्न सिकाई केन्द्रहरुलाई सामुदायिक सिकाई केन्द्र संचालन गर्न कर्मचारीको पारिश्रमिक भुक्तानी दिंदा हाजिरी विवरण माग भए पछि मात्र पारिश्रमिक दिनुपर्नेमा हाजिरी प्रमाण बेगर भुक्तानी भएको पाइएकोले हाजिरी विवरण पेश हुनुपर्ने रु..
<table>
<tr><th>सिकाइ केन्द्रको नाम</th><th>मासिक पारिश्रमिक</th><th>अवधि (महिना)</th><th>जम्मा भुक्तानी</th></tr>
<tr><td>बौद्ध दर्शन सामुदायिक सिकाई केन्द्र</td><td>६२००.००</td><td>१२</td><td>७४४००.००</td></tr>
<tr><td>विश्व निकेतन सामुदायिक सिकाई केन्द्र</td><td>६२००.००</td><td>१२</td><td>७४४००.००</td></tr>
<tr><td>जलेश्वरी सामुदायिक सिकाई केन्द्र</td><td>६२००.००</td><td>१२</td><td>७४४००.००</td></tr>
</table></td><td>२९७६००/-</td></tr>
</table>

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td><table><tr><td>ज्ञानोदय सामुदायिक सिकाई केन्द्र</td><td>६२००.००</td><td>१२</td><td>७४४००.००</td></tr><tr><td>जम्मा</td><td></td><td></td><td>२९७६००.००</td></tr></table></td><td></td></tr>
<tr><td>३९.</td><td>कर कट्टी : भौ.नं.१४६।२०७६।३।३१ कालिका वालविकास मा.वि.को भवन निर्माणको संलग्न पेश्की फछ्र्यौट फाँटवारीमा रु.६८९०।- अग्रिम कर कट्टी गरी भुक्तानी दिएकोमा उक्त कर राजस्व दाखिला गरेको प्रमाण पेश नभएको रु...</td><td>६८९०/-</td></tr>
<tr><td></td><td>स्वास्थ्यतर्फ</td><td></td></tr>
<tr><td>४०.</td><td>औषधीको लाइफ : स्वास्थ्य शाखाले अत्यावश्यक औषधी तथा औषधी जन्य सामानहरु खरिदको लागि शिलबन्दी दरभाउ पत्र आव्हान गरेकोमा न्यूनतम कवोल गर्ने नियोमेड इन्टरनेशनलाई स्वीकृत गरी ७९ आइटम औषधी आपूर्तिको लागि कार्यादेश दिइएकोमा निज फर्मले औषधी सप्लाई गर्दा सम्झौताको बुदा नं.४.१ मा उल्लेख भए अनुसार औषधी तथा औषधी जन्य पदार्थको उत्पादित मिति देखि कम्तिमा ८० प्रतिशत म्याद बाँकी हुनुपर्ने छ । तर सप्लायर्सले औषधी सप्लाई गर्दा उत्पादित मिति तथा औषधीको लाइफ खुलाई ल्याएको पाइएन । औषधी बुझी लिंदा स्वास्थ्य प्राविधिकवाट जाँच गराई तोकिएको अवधि भित्रको औषधी भए नभएको खुलाएको समेत नपाइएकोले यस्तो स्थितिमा सुधार हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td></td><td>कृषि</td><td></td></tr>
<tr><td>४१.</td><td>सक्कल विजक : भौ.नं.४९।२०७६।३।२७ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(८) बमोजिम कुनै रकमको भुक्तानी दिंदा रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । कृषि प्रोफाइल तयारीको लागि स्वीकृती पाएको एन.एन.फाउण्डेशन प्रा.लि.ले कार्यसम्पन्न गरी विल भरपाई पेश गरेको विजक नं.८।२०७६।३।२३ को विजक मुल्य रु.१,७३,०००।- मा मु.अ.कर रु.२२४९०।- समेत रु.१९५४९०।- को छाँया प्रति विल पेश गरेको पाइएकोले सक्कल कर विजक वा सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा सो बराबरको मूल्य अभिबृद्धि कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु...</td><td>२२४९०/-</td></tr>
<tr><td>४२.</td><td>सिफारिस बेगर वितरण : भौ.नं.५३।२०७६।३।३० प्रा.स.श्री नागेन्द्र झाले लिनु भएको पेश्की रु.११५०००।- को फछ्र्यौट फाँटवारी अनुसार मसला वाली प्रवर्द्धन कार्यक्रमको लागि अलैचीका विरुवा ११५०० गोटा प्रति विरुवा रु.१०।- ले जम्मा रु.११५०००।- मा खरिद गरेकोमा उक्त विरुवा ३ जनालाई २००० गोटाको दरले ६००० गोटा र १५ जनालाई ५५०० गोटा वितरण भएको पाइयो । यसरी वितरण भएको विरुवा सम्बन्धित लाभग्राहीले नै पाएको भन्ने कुनै आधार भएन । वितरण गर्नुपूर्व कृषकको छनौट गरी सम्बन्धित वडाको सिफारिसमा वितरण हुनुपर्नेमा सो भएको पाइएन । सम्बन्धित कृषकहरुको पहुँच पुग्ने गरी छनौटको आधार तयार गर्नेतर्फ कार्यालयको ध्यान जानु पर्दछ।</td><td></td></tr>
<tr><td>४३.</td><td>बढी खर्च दावी : प्रा.स.श्री नागेन्द्र झाले मिति २०७६।३।२९ मा विभिन्न योजना अनुगमन गर्न गएको अवस्थाको भनी खाजामा रु.८०००।- र खानामा रु.१२०००।- गरी जम्मा रु.२००००।- खर्च दावी गरेको देखियो । निज अनुगमन भ्रमणमा जाँदा अनुगमन खर्च समेत लिएको अवस्थामा निजले दावी गरी भुक्तानी लिएको खाना खाजा खर्च रु.२००००।- नियम सम्मत नभएकोले असुल गरी दाखिला हुनुपर्ने रु...</td><td>२००००/-</td></tr>
<tr><td>४४.</td><td>विल भरपाई भन्दा बढी खर्च : भौ.नं.१०८।२०७६।३।१६ रावा खोला माक्पा बेसी कुलो सिंचाई योजनाको प्राविधिक मूल्यांकनको आधारमा प्रथम रनिङ्ग विलवाट रु.४३०१९१।- खर्च दावी गरेकोमा गोश्वारा भौचरवाट रु.४६०३०५।- खर्च लेखेको पाइयो । यसरी रनिङ्ग विल भन्दा बढी खर्च लेखेको रु.३०११४।-</td><td>३०११४/-</td></tr>
</table>

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजु रकम |
|---|---|---|
| | असुल गरी दाखिला हुनुपर्ने रु... | |
| | **सामाजिक सुरक्षातर्फ** | |
| ४५. | सामाजिक सुरक्षा कार्यक्रममा नेपाल सरकारको अनुदानबाट भत्ता वितरण गर्दा सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधिको प्रावधान बमोजिम गर्नुपर्दछ । कार्यक्रममा यो वर्ष नेपाल सरकारबाट रु.३,१०,९५,०००/- प्राप्त भएकोमा संलग्न बील भरपाई अनुसार रु.३,०४,६१,६००/- खर्च लेखेको देखिन्छ । गाउँपालिकाले बाँकी रहेको रकम रु.८,६४,६००/- कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता पठाएको देखिन्छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्न छन् : | |
| ४५.१. | सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को बुंदा नं. २२ अनुसार सामाजिक सुरक्षा भत्ता बैक मार्फत मात्र वितरण गर्नुपर्ने, नगदै वितरण गर्नुपरे मन्त्रालयको पूर्व स्वीकृति लिएर मात्र वितरण गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले ७ वटै वडामा लाभग्राहीलाई ३ वटै चौमासिकको सामाजिक सुरक्षा भत्ता नगदै वितरण गरेकोमा मन्त्रालयको पूर्व स्वीकृति लिएको देखिएन । | |
| ४५.२. | सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधिको बुदा नं. १० अनुसार गाउँपालिकाले भत्ता पाउने लाभग्राहीको फोटो सहित मूल अभिलेख प्रत्येक वडामा राख्नुपर्ने, बुंदा नं. १२ अनुसार भत्ता पाउन अयोग्य भए लगत कट्टा गर्नुपर्ने, बुंदा नं. १६ अनुसार स्थानीय निकायले सम्बन्धित वडा कार्यालय मार्फत प्रथम चौमासिकको भत्ता आश्विनको दोस्रो हप्ताभित्र, दोस्रो चौमासिक माघको दोस्रो हप्ता र तेस्रो चौमासिक जेष्ठको दोस्रो हप्ताभित्र वितरण गर्नुपर्ने व्यवस्था भएपनि सो अनुरुप नगरी गाउँपालिकाले प्रथम किस्ता आश्विन १९ गते, दोस्रो चौमासिक माघ २२ गते र तेस्रो चौमासिक असारको २ र २३ गते निकासा गरेको देखिन्छ । गाउँपालिकाले फोटो सहितको अभिलेख तथा भत्ता पाउन अयोग्यको लगत अद्यावधिक गरेको देखिएन भने कार्यविधिले तोकेको समय सीमाभित्र भत्ता वितरण समेत गरेको छैन् । | |
| ४५.३. | सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को बुंदा नं. १६(ग) अनुसार सामाजिक सुरक्षा भत्ता वितरण गर्दा सम्बन्धित व्यक्तिलाई मात्र वा निजको नामको व्यक्तिगत बैंक खातामा जम्मा गर्न मिल्ने व्यवस्था गरिएको छ । साथै अन्य व्यक्तिलाई भत्ता भुक्तानी गरेमा वितरण गर्ने र बुझ्ने दुवैलाई प्रचलित कानून बमोजिम कारवाहीको व्यवस्था रहेको छ । यस गा.पा.को केही वडामा लाभग्राही वा संरक्षक बाहेकलाई पनि भत्ता वितरण गरेको देखियो । तसर्थ सम्बन्धित कर्मचारी, पदाधिकारीलाई जिम्मेवार बनाई लाभग्राही स्वयं वा निजको संरक्षकले भत्ता प्राप्त गर्ने गरी वितरण हुने कुराको सुनिश्चितता गर्नुपर्दछ । | |
| ४५.४. | सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधिको बुंदा नं. २८ बमोजिम कार्यक्रमको अनुगमन र सुपरिवेक्षण गर्नुपर्ने व्यवस्था भएकोमा अनुगमन गरेको देखिएन । त्यस्तै बुंदा नं. ३५ अनुसार वडा सचिवले प्रत्येक चौमासिकमा कम्तिमा १ पटक सामाजिक सुरक्षा कार्यक्रमको सार्वजनिक सुनुवाई गर्नुपर्ने, प्राप्त भएका गुनासा समाधान नभए स्थानीय निकाय कार्यालयमा पठाउनु पर्ने व्यवस्था भएपनि सो अनुरुप भएको देखिएन । आगामी आ.व. मा भत्ता पाउनेको सूची मार्ग मसान्तभित्र स्थानीय तहको कार्यालय, वडा कार्यालय र सार्वजनिकस्थलमा प्रकाशन गर्नुपर्नेमा सूची तयार गरी प्रकाशन गरेको देखिएन । | |
| ४५.५. | सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को परिच्छेद ४ को बुंदा नं. १५ मा प्रत्येक स्थानीय तहहरुले वडा कार्यालयहरुले प्रविष्टि गरेको एम.आई.एस. लगतका आधारमा वडा | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजु रकम |
|---|---|---|
| | कार्यालयहरुलाई चौमासिक रुपमा पेश्की रकम उपलब्ध गराउने व्यवस्था रहेको छ । केही वडाहरुको एम.आई.एस. विवरण परिक्षण गर्दा लाभग्राहीहरुको विवरण अपुरो प्रविष्टि गरेको पाईयो । एम.आई.एस.मा लाभग्राहीको सम्पूर्ण विवरण प्रविष्टि नभएको अवस्थामा एकै नाम,थर भएको लाभग्राहीलाई दोहोरो भत्ता भुक्तानी हुन जाने भएकोले एम.आई.एस. विवरण अद्यावधिक गर्नुपर्ने जरुरी देखिन्छ । | |
| ४५.६. | तपसिल बमोजिमको सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुलाई विभिन्न भौचर/मितिमा गा.पा.ले वितरण गरेको सामाजिक सुरक्षा भत्ताको भरपाई परीक्षण गर्दा लाभग्राहीले नियमानुसार पाउने रकम भन्दा बढी रकम भुक्तानी गरेको हुँदा असुल गरी फिर्ता गर्नुपर्ने रु... | ७६०००/- |

| क्र.सं. | लाभग्राहीको नाम | वडा नं. | समूह | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | राम्री पुरी । राम्री भुजेल | २ | जे.ना. अन्य | १६००० | भरपाईमा दुवैको ना.प्र.नं. ४०७४ |
| २ | हर्क बहादुर राई | २ | जे.ना.अन्य | २४००० | प्र.चौ.मा भरपाईमा लगतकट्टा गर्न ०७५।४।१ मिति जनाईएको |
| ३ | सार्किमाया राई | २ | विधवा | ४००० | भरपाईमा दुवैको ना.प्र.नं. ४६३४ |
| ४ | कुन्तिमाया तामाङ्ग | ३ | जे.ना.अन्य | १६००० | भरपाईमा दुवैको ना.प्र.नं.५२३६ |
| ५ | विष्णुमाया भुजेल | ३ | जे.ना.अन्य | १६००० | भरपाईमा दुवैको ना.प्र.नं. १२२०७०।४९१ |
| | | | **जम्मा** | **७६०००** | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजु रकम |
|---|---|---|
| ४५.७. | भौ.नं.५-२०७५/०९/०९, वडा नं. ३ को वडा सचिव श्री युवराज फुयाँललाई प्रथक चौमासिकमा दिएको पेश्की रु.१६,९३,२००/- फछ्र्यौट गर्दा रु.१६,८९,२००/- को मात्र बील भरपाई पेश गरेको हुँदा बाँकी रकम असुल गर्नुपर्ने रु... | ४०००/- |
| ४५.८. | भौ.नं.७-२०७५/१०/०६, वडा नं. ६ का वडा सचिव श्री दान बहादुर पोखरेल मगरलाई प्रथम चौमासिकमा दिएको पेश्की रु.७,८७२००/- फछ्र्यौट गर्दा रु.७,८३,२००/- को मात्र बील भरपाई पेश गरेको हुँदा बाँकी रकम असुल गर्नुपर्ने रु... | ४०००/- |
| ४५.९. | भौ.नं.१६-२०७६/०१/१०, वडा नं. २ का वडा सचिव श्री पूर्णकुमार तामाङ्गलाई दोश्रो चौमासिकमा दिएको पेश्की रु.२०,९८,०००/- फछ्र्यौट गर्दा रु.२०,९०,०००/- को मात्र बील भरपाई पेश गरेको हुँदा बाँकी रकम असुल गर्नुपर्ने रु... | ८०००/- |
| ४५.१०. | भौ.नं.१९-२०७६/०१/१९, वडा नं. ६ का वडा सचिव श्री दान बहादुर पोखरेल मगरलाई दोश्रो चौमासिकमा दिएको पेश्की रु.१०,१४,८००/- फछ्र्यौट गर्दा रु.१०,११,६००/- को मात्र बील भरपाई पेश गरेको हुँदा बाँकी रकम असुल गर्नुपर्ने रु | ३२००/- |
| | **आन्तरीक आय तर्फ** | |
| ४६. | **रसिद नियन्त्रण खाताः** कार्यालयले गत बर्षको बाँकी रसिद, यस बर्ष छपाई गरेको रसिद, यस बर्ष प्रयोग भएको रसिद र बाँकी रसिदको हिसाव स्पष्ट देखिने गरी अभिलेख बनाई नगदी रसिद नियन्त्रण खाता प्रमाणित | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजु रकम |
|---|---|---|
| | गरी राख्नु पर्नेमा राखेको देखिएन । कार्यालयको जिन्सी खातावाट देखिएको नगदी रसिदको अवस्था देहायमा उल्लेख छ । | |

| रसिदको प्रकार | ठेली संख्या | कैफियत |
|---|---|---|
| नगदी रसिद | ६७ | यस मध्ये १७ ठेली गत आ.व.को रसिद अल्या जनाईएको, चालु आ.व.मा छपाईएको रसिदको विवरण (सि.नं.) प्राप्त नभएको, जिन्सी खातामा जम्मा ३३ ठेली रसिद खर्च जनाईएको |
| मालपोत रसिद | ७० | यस मध्ये २० ठेली गत आ.व.को रसिद अल्या जनाईएको, चालु आ.व.मा छपाईएको रसिदको विवरण (सि.नं.) प्राप्त नभएको, जिन्सी खातामा जम्मा ३५ ठेली रसिद खर्च जनाईएको |
| पटके सवारी कर | १० | चालु आ.व.मा छपाईएको रसिदको विवरण (सि.नं.) प्राप्त नभएको, के कति खर्च भयो जिन्सी खातामा विवरण उल्लेख नभएको । |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजु रकम |
|---|---|---|
| ४७. | **आम्दानी:** कार्यालयबाट पेश भएसम्मको रसिदको वडागत परिक्षण गर्दा देखिएको आम्दानी र बैंक दाखिलाको मिति देहाय बमोजिम छ । | |

| वार्ड नं. | नगदी रसिदबाट आम्दानी | मालपोत रसिदबाट आम्दानी | बैंक दाखिला भएको रकम | घटी/बढी दाखिला | कैफियत |
|---|---|---|---|---|---|
| १ | १३२५० | ६६२८ | ३३५७१ | बढी दाखिला १३६९३ | ले.प.मा पेश भएको २ ठेली मालपोत रसिद र १ ठेली नगदी रसिद परीक्षणबाट प्राप्त विवरण |
| २ | ८६१५० | ३४१८० | ११६८७५ | घटी दाखिला ३४५५ | ले.प.मा पेश भएको ८ ठेली मालपोत रसिद र ९ ठेली नगदी रसिद परीक्षणबाट प्राप्त विवरण |
| ३ | १०२४९७ | १५७८२ | ९२००१ | घटी दाखिला २६२७८ | ले.प.मा पेश भएको १३ ठेली मालपोत रसिद र १३ ठेली नगदी रसिद परीक्षणबाट प्राप्त विवरण |
| ४ | २३८०० | ३१३२७ | ५५१९४ | बढी दाखिला ६७ | ले.प.मा पेश भएको ७ ठेली मालपोत रसिद र ४ ठेली नगदी रसिद परीक्षणबाट प्राप्त विवरण, नगदी रसिद नं. ५१-१०० को १/१ ठेली यस वडा र वडा नं. २ ले प्रयोग गरेको, मालपोत रसिद नं. ९५१-१००० को १/१ ठेली यस वडा र वडा नं. ३ ले प्रयोग गरेका |
| ५ | ३२७९० | १४८२७ | ७३६६२ | बढी दाखिला २६०४५ | ले.प.मा पेश भएको ३ ठेली मालपोत रसिद र ५ ठेली नगदी रसिद परीक्षणबाट प्राप्त विवरण, |
| ६ | २६२०० | ११९३७ | ३०८१० | घटी दाखिला ७३२७ | ले.प.मा पेश भएको ८ ठेली मालपोत रसिद र ४ ठेली नगदी रसिद परीक्षणबाट प्राप्त विवरण, मालपोत रसिद नं. ३५१-४०० को १/१ ठेली यस वडा र वडा नं २ ले प्रयोग गरेका |
| ७ | ५३७७८ | ३०२९८ | ८१७१४ | घटी दाखिला २३६२ | ले.प.मा पेश भएको ६ ठेली मालपोत रसिद र ५ ठेली नगदी रसिद परीक्षणबाट प्राप्त विवरण, नगदी रसिद नं. ६०१-६५० को १/१ ठेली यस वडा र गा.पा.ले प्रयोग गरेको, नगदी रसिद नं. १४०१-१४५० को १/१ ठेली यस वडा र वडा नं.२ ले प्रयोग गरेको । |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजु रकम |
|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| गा.पा | ४५२७५० | - | १०४६० ४१ | बढी दाखिला ५९३२९१ | ले.प.मा पेश भएको ४ ठेली नगदी रसिद र २ ठेली पटके सवारी कर रसिद परीक्षणबाट प्राप्त विवरण, यस मध्ये नगदी र नं.९०१-९२३ सम्म आ.व.२०७४।७५ मा प्रयोग भएको, बाँकी २७ वटा रसिदको आम्दानी समावेश |

माथि उल्लेखित आम्दानी र बैंक दाखिला विवरण विश्लेषण गर्दा कही घटी र कही बढी रकम दाखिला देखिन आयो । नगदी रसिदको यथार्थ अभिलेख नराखेको र प्रयोग भएका सबै नगदी रसिद लेखापरीक्षणमा पेश नभएको कारण यस्तो अवस्था देखिन गएको बुझिन्छ । तसर्थ यस सम्बन्धमा कार्यालयले एकिन गर्नुपर्दछ ।

४८. **फिर्ता हुन बाँकी नगदी रसिद :** गाउँपालिकाको मुल जिन्सी खातावाट विभिन्न वडाका कर्मचारीहरुले बुझि लगेका नगदी रसिदहरु मध्ये देहायका नगदी रसिदहरु फिर्ता हुन बाँकी देखिन्छ । ती रसिदहरु वडाले प्रयोग गरेको र प्रयोग हुन बाँकीको अवस्था एकिन भएको छैन । गाउँपालिकाले नै एकिन गरी टुंगो लगाउनु पर्ने देखियो ।

| रसिद नं. | रसिदको प्रकार | बुझ्ने वडा, कर्मचारी | कैफियत |
|---|---|---|---|
| २५०१-२५५० | अन्य आम्दानी नगदी रसिद | ३ नं. वडाका बृख बहादुर तामाङ्ग | |
| १७५१-१८०० | | | |
| १७०१-१७५० | अन्य नगदी रसिद | ७ नं. वडाका पदम राई | |
| ३०५१-३१०० | मालपोत रसिद | वडा नं. ६ | |
| १८५१-१९०० | अन्य आम्दानी नगदी रसिद | गा.पा. ओमजंग शाही | |
| १३०१-१३५० | | गा.पा. सिजन राई | |
| १२०१-१२५० | | गा.पा. सिजन राई (न्यायिक समिति) | |
| १५५१-१६०० | मालपोत रसिद | वडा नं २ पूर्ण कुमार तामाङ्ग | |
| १४५१-१५०० | अन्य आम्दानी नगदी रसिद | वडा नं. ५ समबहादुर राई | |
| १७५१-१८०० | | | |
| १३०१-१३५० | | | |
| २०५१-२१०० | मालपोत रसिद | | |
| २८०१-२८५० | | | |
| २७५१-२८०० | | | |
| ८ ठेली पटके सवारीकरको रसिदको विवरण प्राप्त नभएको । | | | |

**बेरुजू -** गाउँपालिकाको प्रारम्भिक प्रतिवेदन अनुसार यो वर्ष असुल गर्नुपर्ने रु.९ लाख ५६ हजार, नियमित गर्नुपर्ने रु.६३ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.४ लाख ४३ हजार समेत रु.१४ लाख ६२ हजार बेरुजु कायम भएको छ । कार्यालयबाट प्रतिक्रिया एवं जवाफ प्राप्त भएको छैन ।

**अनुगमन तथा मूल्याङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजु फछ्र्यौट गर्ने व्यवस्था गरेकोमा सो को स्थिति निम्नानुसार देखिएको छ :

| गत वर्षको बेरुजु रकम (रु.) (A) | यो वर्ष फछ्र्यौट (B) | बाँकी (C= A-B) |
|---|---|---|
| ८०१३७५३/२९ | ०.०० | ८०१३७५३/२९ |

**अद्यावधिक बेरुजु स्थिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजु फछ्र्यौट गर्ने

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td>व्यवस्था छ । गाउँपालिकाको आर्थिक वर्ष २०७५।७६ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजु स्थिति देहाय अनुसार रहेको छ :<br>
<table>
<tr><th>गत वर्षसम्मको फछ्र्यौट गर्न बाँकी (रु.) (C)</th><th>यो वर्षको सं प.बाट कायम बेरुजु रु. (D)</th><th>यो वर्षको कायम बेरुजु रु. (E)</th><th>बाँकी (F= C+D+E)</th></tr>
<tr><td>८०१३७५३/२९</td><td>0.00</td><td>१४६१७७७/-</td><td>९४७५५३०.२९</td></tr>
</table>
उल्लेखित ऐन बमोजिम फछ्र्यौट गर्न बाँकी बेरुजु असुल फछ्र्यौट गरिनु पर्दछ ।</td><td></td></tr>
</table>

**अनुसूची- १**

# ऐसेलुखर्क गाउँपालिकाको सञ्चित कोष विवरण

## २०७५।७६

**(रु.हजारमा)**

| क्र. सं. | स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५-९) |
| १. | ऐसेलुखर्क गा.पा. | खोटाङ | २२४९० | ७२६१५ | २१५७३५ | ४६३०१ | ३३४६५२ | २०२२२९ | ११२८५८ | २७९१२ | ३४२९९९ | १४१४२ |

**अनुसूची २**

# बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

## २०७५।७६

**(रु.हजारमा)**

| सि.नं. | जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | बाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १. | खोटाङ | ऐसेलुखर्क गा.पा. | ३० | ३१ | १४६२ | ० | ० | ० | ३० | ३१ | १४६२ | ९५६ | ६३ | ४४३ | | | ५०६ | | ० | ० |

**अनुसूची- ३**

# अद्यावधिक बेरुजु स्थिति

## २०७५।७६

**(रु.हजारमा)**

| क्र.सं. | स्थानीय तह | जिल्ला | गत वर्ष सम्मको बाँकी | यो वर्षको फछ्र्यौट | बाँकी | यो वर्षको सं प.बाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बाँकी बेरुजु |
|---|---|---|---|---|---|---|---|---|
| १ | ऐसेलुखर्क गा.पा. | खोटाङ | ८०१४ | ०.०० | ८०१४ | ०.०० | १४६२ | ९४७६ |